Gulf

NEPAL LUBE OIL LIMITED

ल्यू.का.का.: २०८०।८१ च.नं. : ५२

मिति : २०८०।०९।०१

श्रीमान् अध्यक्ष ज्यू
श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : बत्तिसौ वार्षिक साधारण सभा र शेयर दाखिल खारेज किताव वन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस कम्पनीको आज मिती २०८०।०९।०१ गते दिउसों ३:०० बजे वसेको ३७१ औं सञ्चालक समितीको वैठकको सर्वसम्मत निर्णयले कम्पनीको वत्तिसौ वार्षिक साधारण सभा तपसिलमा उल्लेख भए बमोजिम गर्ने व्यहोरा जानकारी गराउदछौ । साथै सोहि निर्णय बमोजिम साधारण सभा प्रयोजनको निमित्त कम्पनीको शेयर दाखिल खारिजको काम मिति २०८०।०९।१० देखि २०८०।०९।२४ सम्म वन्द रहने छ ।

१. बत्तिसौ वार्षिक साधारण सभाको मिती, समय र स्थान:

**मिती : २०८०।०९।२५ (10th January, 2024)**

समय : विहान ११:३० बजे

स्थान : याक प्लालेस, पुल्चोक, ललितपुर

२. बत्तिसौ वार्षिक साधारण सभाको निमित्त प्रस्तावहरु:

क) आ.व.२०७९।८० को सञ्चालक समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

ख) आ.व.२०७९।८० को लेखा परीक्षकको प्रतिवेदन, २०८० आसार मसान्तको वासलात र आ.व.२०७९।८० को आय विवरण र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

ग) सञ्चालक समितिको ३७१ औं बैठकले सिफारिस गरे वमोजिम **५%** नगद लाभांश र **२५%** बोनस शेयर लाभांश वितरणको निमित्त स्वीकृत गर्ने । साथै वोनस सेयर वितरण बरावरको चुक्ता पुंजी वृद्धि गर्ने ।

घ) आ.व.२०८०।८१ को कारोवारको हिसाव लेखा परीक्षण गर्नका निमित्त हालका लेखा परिक्षक लगातार ३ वर्ष लेखा परिक्षण कार्य गरेकोले नयां लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ङ) विविध ।

नेपाल ल्युब आयल काठमाडौं NLO

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोन: +९७७-१-५९०१०६१/६२, ५९०१०६३,
फ्याक्स: +९७७-१-५५४६२२३पो.ब.नं.:१५१६, कारखाना: अमलेखगंज, बारा, फोन: +९७७-५३-५७०१०४
ई-मेल: nlol@nepallubeoil.com, वेबसाइट: www.nepallubeoil.com

CamScanner

NEPAL LUBE OIL LIMITED

२.१ **विषेश प्रस्ताव**

क) हाल प्रस्तावित वोनस सेयर वितरण स्वीकृत पश्चात सो बराबरको चूक्ता पुंजि वृद्धि गर्ने ।

ख) अधिकृत पुंजी, जारी पुंजी तथा चूक्ता पुंजी वृद्धी गर्ने सन्दर्भमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न विवरणहरु तयार गरी श्री कम्पनी रजिष्ट्रारको कार्यलयमा पेश गर्न तथा आवश्यक अन्य कार्य गर्न गराउन संचालक समितीलाई अख्तीयारी प्रदान गर्ने ।

## साधारण सभाहुने सम्बन्धमा अन्य सामान्य जानकारी

१. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएकोमा सो प्रतिनिधिपत्र कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वर, काठमाण्डौमा सभा सुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । सेयरवालाको नाम सेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्ध हुन्छ ।

२. उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्धिश्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सचालन हुने छ ।

३. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारिजको काम मिति २०८०।०९।१० देखि २०८०।०९।२४ सम्म बन्द रहने छ ।

४. साधारण सभाको सूचना र आर्थिक विवरण सेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा पठाइने छ ।

५. साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कम्पनीको कर्पोरेट कार्यालय, साकेत भवन, त्रिपुरेश्वरमा, कार्यालयसमयमा सम्पर्क राखी लिन सकिने छ ।

भवदीय,

नेपाल ल्युब आयल लि. काठमाडौं NLO
कम्पनी सचिव नेपाल ल्युब आयल लि.

गंगा राज भट्टराई
कम्पनी सचिव

बोद्धार्थ :
श्री नेपाल स्टक एक्सेन्ज लि., काठमाण्डौं
श्री सि.डि.एस.एण्ड क्लियरिगं लि., पुतलिसडक
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर
श्री NIBL ACE Capital लि., काठमाण्डौं

**नेपाल ल्युब आयल लिमिटेड**

साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं, नेपाल फोनः +९७७-१-५५०१०६१/६२, ५५०१०६३,
फ्याक्सः +९७७-१-५५४६२२३पो.ब.नं.:१९१६, कारखानाः अमलेखगंज, बारा, फोनः +९७७-५३-५७०१०४
ई-मेलः nlol@nepallubeoil.com, वेबसाइटः www.nepallubeoil.com

CamScanner